# तीसौं साधारण सभा

धुलिखेल, काभ्रेपलाञ्चोक
१८-१९ चैत्र २०७८ (०१-०२ अप्रिल २०२२)

एम्नेस्टी इन्टरनेसनल
एम्नेस्टी इन्टरनेसनल नेपाल

एम्नेस्टी इन्टरनेसनल नेपालको तीसौं साधारण सभामा हुने नेसनल बोर्ड तथा पुनरावेदन समिति निर्वाचन प्रयोजनका लागि निर्वाचन समितिद्वारा जारी गरिएको

## निर्वाचनसम्बन्धी आचार संहिता

- यो निर्वाचन आचार संहिता पालना गर्नु एम्नेस्टी नेपालका सबै सदस्य, पदाधिकारी र राष्ट्रिय सचिवालयका कर्मचारीहरूको कर्तव्य हुनेछ ।
- निर्वाचनसम्बन्धी कुनै पनि विषयमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ । निर्वाचनसम्बन्धी कुनै पनि विवादलाई **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को सातौं संशोधन २०७८ (सन् २०२१)** तथा **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारण सभा नियमावली २०६२ (२००५) को पाँचौं संशोधन २०७८ (२०२१)** अनुरुप समाधान गरिनेछ ।
- उम्मेदवार वा तिनका प्रचारकहरूको क्रियाकलाप पूर्णतया मर्यादित तथा अनुशासित हुनुपर्नेछ । कुनै पनि उम्मेदवार, यस संस्था वा यस संस्थाका सदस्य र कर्मचारीप्रति कुनै पनि लाञ्छना वा आक्षेप लगाउने गाली गलोज गर्ने, अपशब्दहरू प्रयोग गर्नेलगायतका अवाञ्छित गतिविधिमा संलग्न हुन पाउने छैनन् ।
- कुनै पनि जात, जाति, भाषा, धर्म, लिङ्ग, वर्ण, क्षेत्र आदिका आधारमा अवाञ्छित प्रतिकृया जनाई वा सामाजिक सद्भाव, एकता र सहिष्णुताका भावना र मान्यतालाई खलल पुग्ने वा नकारात्मक रूपमा प्रभावित तुल्याउने प्रयास कसैबाट गर्न मिल्ने छैन ।
- निर्वाचन प्रयोजनलाई लिएर कुनै पनि भोजभतेर, पार्टी, फर्माइसी वा रकमको लेनदेन पूर्णतः बन्देज गरिएको छ । त्यस्तो क्रियाकलाप निर्वाचन पछि पनि गर्न मिल्ने छैन । अन्यथा कानुनबमोजिम हुनेछ ।
- एम्नेस्टी इन्टरनेसनल नेपालले नेतृत्व चयनसम्बन्धी प्रकृयाहरूलाई आन्तरिक र “लो प्रोफाइल” मा राख्ने भएकोले निर्वाचन अभियानका कुनैपनि गतिविधिहरूलाई सामाजिक सञ्जालहरूमा पोस्ट गर्ने, सेयर गर्ने वा ब्यानर पम्प्लेटिङ्ग गरी सार्वजनिक स्पेसहरूमा राख्ने लगायतका कार्यहरू गर्न मिल्ने छैन ।
- निर्वाचनका क्रममा वा निर्वाचन पछि कुनै पनि प्रकारका नारा लगाउने वा उत्सव, उन्माद प्रकट गर्ने व्यवहार कतैबाट गर्न मिल्ने छैन ।
- निर्वाचन समितिले तोकेको क्षेत्रभित्र पोष्टर पम्प्लेटीङ्ग गर्न पाइने छैन ।
- एम्नेस्टी इन्टरनेसनल नेपाल राष्ट्रिय सचिवालयका कर्मचारीहरू निर्वाचन प्रचारमा संलग्न हुने छैनन् ।
- निर्वाचन समितिको अधिकृत निर्वाचनसम्बन्धी सम्पूर्ण कार्यक्रम र गतिविधिहरू सम्पादनका क्रममा पूर्णतया निष्पक्ष हुनेछन् ।
- निर्वाचनको प्रक्रिया, उम्मेदवारहरूको योग्यता तथा अयोग्यता आदि सम्बन्धमा एम्नेस्टी नेपालको विधान तथा साधारणसभा नियमावलीमा तोकिएबमोजिम हुनेछ ।

**मिति २०७८ चैत्र ७ गते**

लेखनाथ निरौला
निर्वाचन संयोजक